बैठक नं. १३ २०७४।१२।१६

आज मिति २०७४ साल चैत्र १६ गते सोमवारका दिन खाँदवारी नगरकार्यपालिकाका प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको १३ौं बैठक बसी निम्नानुसार प्रस्तावहरु माथि छलफल गरि सर्वसम्मत निर्णय गरियो।

- उपस्थिति -

१. श्री. मुरारी प्रसाद खतिवडा, कार्यपालिका प्रमुख
२. श्री. उमेश्वरी श्रेष्ठ, उप प्रमुख
३. श्री निरञ्जन श्रेष्ठ, कार्यपालिका सदस्य, १
४. श्री ज्ञान बहादुर श्रेष्ठ " — " २
५. श्री सजित राई " — " ४
६. श्री
७. श्री श्याम प्रसाद निरौला " — " ५
८ श्री ज्योतिषि कराला " — " ६
९ श्री मौसम आले मगर " — " ७
१० श्री डम्बर ब. कटुवाल " — " ८
११ श्री टिकाराम कुमाल " — " ९
१२ श्री केशवराज लिं. थापा " — " १०
१३ श्री नगेन्द्र गुरुङ " — " ११
१४ श्री. कडगाड लामा " — " १
१५ श्री बाल कुमारी खोडारी " — " २
१६ श्री. सुनिता कटुवाल कार्की " — " ३
१७ श्री. इन्द्रमाया बराइली " — " ३
१८ श्री. गोपीमाया घिमिरे " — " ५
१९ श्री लक्ष्मी राई सुनुवार " — " ८
२० श्री पदमलाल खड्का " — " १०
२१ श्री चन्द्रकला टामाङ " — " ११
२२ श्री कृष्णकुमार निरौला, प्रमुख प्रशासकीय अधिकृत, सचिव
उनीहरु श्रेष्ठ नि.प्र. बैठक निर्णय लेखक

**निर्णय न. १.**

स्थानीय तह निर्वाचन २०७४ मा सम्पन्न निर्वाचनवाट निर्वाचित खाँदवारी नगरपालिका वार्ड न. ३ का वडाध्यक्ष श्री तोयानाथ ढुङ्गानाको मिति २०७४ साल फागुन १३ गते असामयिक निधन भए पश्चात रिक्त रहेको वडाध्यक्ष पद तत्काल कार्यपालिका को सदस्य श्री सुनिता कटुवाल कार्कीले कामकाज गर्दै रहनु भएको

सो सम्वन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ ले गरेको ब्यवस्था अनुसार कार्यकाल एक वर्ष वाकी रहेको खण्डमा स्थानीय तहको उपनिर्वाचनबाट निर्वाचित हुन पर्ने ब्यवस्था रहेको भएता पनि तत्काल वडाको कार्य संचालन गर्न असजिलो भएको भनी वडा समितीको मिति २०७४।१२।१८ गतेको वैठकवाट सोही निर्वाचनवाट निर्वाचित जेष्ठ सदस्य श्री देवराज घिमिरेलाई वडा अध्यक्षले प्रयोग गर्ने अधिकार प्रयोग गर्ने गरी कार्यपालिकामा सिफारिस गरी पठाउने मिति २०७४।१२।१८ मा भएको समितीको निर्णय अनुसार निज देवराज घिमिरेलाई का. वा. वडा अध्यक्षको रुपमा काम काज गर्न तोक्ने निर्णय गरियो ।